# अलैंचीको मूल्यमा उल्लेख्य बृद्धि



नेपालमा अलैंची खेची पूर्वाञ्चलको अधिकांस जिल्लाहरुमा ब्यवसायिकरुपमा गरिंदैआएको छ । नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा कूल १३ हजार हेक्टर जमिनमा अलैंची खेती गरिन्छ । जसमध्ये पूर्वाञ्चलको ताप्लेजुङ्गमा ३६४७, संखुवासभामा ३२२४, इलाममा २८३७ र पांचथरमा १६०५ हेक्टर जमिनमा अलैंची खेती गरिएको छ । नेपालको अलैची उत्पादन हेर्ने हो भने आ.व. २०६४/६५ मा सरदर ७ हजार मे.टन. भएको देखिन्छ साथै उत्पादनमा माथि उल्लेखित जिल्लाहरुकै बाहुल्यता रहेको छ । यसरी उत्पादित अलैंची निर्यात हुंदै आएको र आ.व. २०६४/६५ मा अलैंची निर्यातबाट सरदर एक अर्ब नौ करोड रुपैंया नेपालमा भित्रीएको पाइन्छ । तर यस बर्ष हिउंदको लामो खडेरी, कमजोर खेती ब्यवस्थापन साथै अलैंचीमा देखिएका रोगका कारण उत्पादनमा ह्रास आएको देखिन्छ । यसरी उत्पादनको गिरावटका कारण बजारमूल्यमा उल्लेख्य बृद्धि भएको देखिएको छ ।

## नेपाल तथा भारतमा अलैंचीको बार्षिक मूल्य स्थिति

२०५६ मा उच्च भएको अलैंचीको मूल्य पछिल्ला बर्षहरुमा क्रमश घट्दो क्रममा थियो । २०६० सालमा प्रतिकेजी २०४ रुपैंयामा किनबेच भएको अलैंची २०६२ सालमा २५% ले कमी आई १५३ रुपैंया पुग्यो । त्यसपछि २ बर्षसम्म मूल्यमा बृद्धि जारी रह्यो र २०६४ सालमा अलैंची औसत २१८ रुपैंया प्रति केजी सम्ममा कारोबार भयो । २०६५ सालमा अघिल्लो बर्षको तुलनामा १३% ले कमी आई १८९ रुपैंयामा किनबेच भयो । यो बर्षमा अलैंचीको मूल्य बिगत केहि बर्षकै तुलनामा सबैभन्दा उच्च रह्यो । गत बर्षको तुलनामा यो बर्ष यसको मूल्यमा ५८% ले बृद्धि भएको छ । गत बर्ष पुष महिनामा प्रतिकेजी रु.१८० रुपैंयामा कारोबार भएको अलैंची २०६६ पुष महिनाको अन्तिम हप्तामा रु. ५८४ बिक्रि भएको छ । मूल्यमा नयां रेकर्ड कायम भएपनि अलैंची किसानले भने यसको फाइदा उठाउन सकेका छैनन् । अधिकांश किसानले अलैंची बिक्रि गरिसकेकोले त्यसको प्रत्यक्ष फाइदा ब्यबसायीलाई मात्र हुने गरेको छ ।

यस बर्षको शुरुवातमा प्रतिकिलो रु.२११ सम्ममा बिक्रि भएको अलैंची पुष महिनामा करिव १५०% ले बृद्धि भै ५२८ रुपैया प्रति केजीमा किनबेच भएको छ । भारतको दिल्ली, गान्तोक र सिलिगुढि बजारमा पनि मूल्यको उतारचढाव एवं प्रकारले भएको देखिन्छ । नेपाल र भारतका बजारहरुको मूल्य स्थिति हेर्दा २०६१ सालसम्म सबैभन्दा बढि मूल्य दिल्ली बजारमा र सबैभन्दा कम गान्तोकमा रहेको थियो भने २०६२ देखि सिलिगुढिमा सबैभन्दा बढि मूल्य रहेको पाइयो तर २०६५ सालपछि भने नेपालमा अलैंचीको मूल्य सबैभन्दा न्यून रहेको देखियो ।



श्रोत: कृषि उद्यम केन्द्र

## नेपाल तथा भारतमा अलैंचीको औसत मासिक मूल्य स्थिति

यो बर्ष अलैंचीको मूल्य निकै उच्च रह्यो । २०६६ बैशाख महिनामा यसको औसत मूल्य रु.२११ प्रतिकिलो रहेको थियो । भदौ महिनासम्ममा यसको मूल्य रु.२६६ पुग्यो । भदौ पछि भने नेपाल सहित भारतका बजारहरुमा पनि यसको मूल्यमा



श्रोत: कृषि उद्यम केन्द्र

असाधारण रुपमा बृद्धि देखियो । नेपालमा भदौ महिनाको तुलनामा पुष महिनामा सत प्रतिशतले मूल्य बृद्धि भै रु.५२८ मा किनबेच भएको देखियो । त्यस्तै दिल्ली बजारमा पनि रु.३११ मा बिक्रि भएको अलैंचीमा ८७% ले बृद्धि भै रु.५८२ मा कारोवार भएको छ । यस महिनाको अलैंचीको मूल्य हालसम्मकै उच्च भएको छ ।

<u>नेपालका पुर्वी जिल्लाहरुमा २०६६ सालमा अलैंचीको औसत मासिक मूल्य स्थिति</u>



*श्रोत: कृषि उद्यम केन्द्र*

प्रमुख अलैंची उत्पादन हुने जिल्लाहरुमा अलैंचीको मूल्य अवलोकन गर्दा बैशाख देखि भदौ सम्म सामान्यरुपमा घट्ने र बढ्ने क्रम जारी थियो भने भदौ महिना पछि यसको मूल्यमा असाधारणरुपले बृद्धि भएको देखिन्छ । फुङलिङ्ग बजारमा २०६६ सालको बैशाख महिनामा २०४ रुपैंया प्रति केजीमा किनबेच भएको अलैंची भदौ महिनामा रु.२७१ सम्म पुगेको थियो भने हाल पुष महिनामा ८७% ले मूल्य बृद्धि भै रु.५०८ प्रति केजीमा कारोबार भएको थियो । त्यस्तै फिदिममा रु. २१२ मा बिक्रि भएको अलैंची भदौमा रु.२७४ थियो भने पुष महिनामा रु. ५०९ मा किनबेच भएको थियो । यवं प्रकारले पुष महिनामा बरबोटेमा रु.५२५, फिक्क्लमा रु.५३८, इलाममा रु.५२९ र बिर्तामोड रु.५१२ मा अलैंची किनबेच भएको छ । यो मूल्य भदौ महिनाको तुलनामा क्रमश: १०३, ९४, १०५ र ८४ प्रतिशतले बढि छ ।

त्यस्तै संखुवासभामा २०६६ पुष महिनाको अन्तिम सातामा अलैंची रु ६०० प्रति केजी र धरानमा रु.६७५ सम्ममा किनबेच भएको देखियो ।

## अलैंचीको निर्यात स्थिति

नेपालमा उत्पादित अलैंचीका मूख्य बजार भारत हो । यसबाहेक पाकिस्तान, युएई, सिंगापुर, बंगलादेश, अफगानिस्तान र अमेरिकामा पनि नेपालको अलैंची निर्यात हुने गरेको छ । ब्यापार निकासी तथा प्रबर्द्धन केन्द्रको तथ्याङ्क अनुसार आ.व. २०६०/६१ मा नेपालबाट जम्मा ६८ करोडको अलैंची निर्यात भएको थियो भने २०६४/६५ मा यसको निकासीमा ४३% ले बृद्धि भै करिब १ अर्ब नौ करोड रुपैंया बराबरको अलैंची निर्यात भएको देखिन्छ । त्यस बर्ष कूल अलैंची निकासीको ९५% भारतमामात्र निकासी भएको थियो ।




*श्रोतः ब्यापार तथा निकासी प्रबर्द्धन केन्द्र*

नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार २०६५/६६ सालमा करिब १ अर्ब २२ करोड मूल्य बरावरको अलैंची भारतमा निर्यात भएको थियो । राष्ट्र बैंककै तथ्याङ्कलाई आधार मान्दा हाल आ.व. २०६६/६७ सालको पहिलो चार महिनामा भारतमा करिब ३९ करोड रुपैंया मूल्य बरावरको अलैंची निर्यात भैसकेको छ जुन अघिल्लो बर्षको तुलनामा ७२ प्रतिशतले बढि देखिएको छ ।

अलैंची खेतीका लागि उपयुक्त वातावरण र अन्तर्राष्ट्रिय बजार हुंदाहुंदै पनि पछिल्लो समयमा बिभिन्न रोगका कारण उत्पादन घट्नुका साथै पुराना र ठुला बगानहरु नासिने क्रममा छन् । अलैंची खेतीको आधुनिकीकरण तथा बिकास र बिस्तारका लागि सरकारी तवरबाटै पहल गरी माग अनुसार बिश्वबजारमा निर्यात गर्न सके बिदेशी मुद्रा आर्जनमा थप टेवा पुग्ने देखिन्छ ।

*Prepared by:*
*MIS Unit*
*AEC/FNCCI*